# सिद्धिचरण नगरपालिका, ओखलढुङ्गा
## कोशी प्रदेश, नेपाल

# स्थानीय राजपत्र

खण्ड ८) सङ्ख्या : १६ प्रकाशित मिति : २०८१/०७/१२

## भाग–२
## सिद्धिचरण नगरपालिकाको चमेना गृह व्यवस्थापन तथा सञ्चालन सम्बन्धी कार्यविधि, २०८१

**स्वीकृत मिति: २०८१/०७/०८**

**प्रमाणीकरण मिति: २०८१/०७/१०**

**प्रस्तावना :** सिद्धिचरण नगरपालिकाको कार्यालय परिसरमा चमेना गृह स्थापना तथा सञ्चालन गरी सु-व्यवस्थित, स्वस्थ, सरल, उपभोग्य वस्तु वा सेवाको गुणस्तर, परिमाण एवम् मूल्यको अनियमितताबाट ग्राहकलाई संरक्षण प्रदान गर्न, सुपथ मूल्यमा चिया चमेना उपलब्ध गराउन लगायतका क्रियाकलापहरुको व्यवस्थापन तथा नियमन गर्न वाञ्छनीय भएकोले,

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ दफा १०२ को उपदफा (२) को अधिकार बमोजिम सिद्धिचरण नगरपाललिका नगर कार्यपालिकाको बैठकले यो कार्यविधि स्वीकृत गरी जारी गरेको छ।

### परिच्छेद– १
### प्रारम्भिक

**संक्षिप्त नाम र प्रारम्भः**

(१) यस कार्यविधिको नाम **"सिद्धिचरण नगरपालिकाको चमेना गृह व्यवस्थापन तथा सञ्चालन सम्बन्धी कार्यविधि, २०८१"** रहेको छ।

(२) यो कार्यविधि नगर कार्यपालिकाबाट पारित भई स्थानीय राजपत्रमा प्रकाशन भएको मितिबाट प्रारम्भ हुनेछ।

१. **परिभाषा:** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :-

(क) **"कार्यविधि"** भन्नाले "सिद्धिचरण नगरपालिकाको चमेना गृह व्यवस्थापन तथा सञ्चालन सम्बन्धी कार्यविधि, २०८१" सम्झनु पर्छ।

(ख) **"नगरपालिका"** भन्नाले सिद्धिचरण नगरपालिकालाई सम्झनु पर्छ।

(ग) **"कार्यपालिका"** भन्नाले सिद्धिचरण नगरपालिकाको नगर कार्यपालिकालाई सम्झनु पर्छ।

(घ) **"प्रमुख"** भन्नाले सिद्धिचरण नगरपालिकाको नगर प्रमुखलाई सम्झनु पर्छ।

(ङ) **"उप-प्रमुख"** भन्नाले सिद्धिचरण नगरपालिकाको उप–प्रमुखलाई सम्झनु पर्छ।

(च) **"प्रमुख प्रशासकीय अधिकृत"** भन्नाले सिद्धिचरण नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्छ।

(छ) **"समिति"** भन्नाले चमेना गृह व्यवस्थापन समितिलाई सम्झनु पर्छ।

## परिच्छेद– २

## चमेना गृह व्यवस्थापन समिति सम्बन्धी व्यवस्था

२. **चमेना गृह व्यवस्थापन समितिको गठन :** (१) नगर कार्यपालिकाले ५ सदस्य चमेना गृह व्यवस्थापन समिति गठन गर्नेछ।

**(२)** उपदफा (१) बमोजिमको समिति गठन विधि कार्यपालिकाले तोके बमोजिम हुनेछ।

३. **समितिको काम, कर्तव्य र अधिकार:** (१) चमेना गृह व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिमका हुनेछ :-

(क) चमेना गृहको लागि नीतिगत तथा अन्य आवश्यक व्यवस्था गर्ने।

(ख) चमेना गृहमा विक्रीवितरण हुने वस्तुहरुको व्यवस्थाको लागि समन्वय गर्ने।

(ग) चमेना गृहमा बेलाबेलमा छड्के अनुगमन वा जाँच गर्ने।

(घ) चमेना गृहको न्यूनतम भाडा निर्धारण गरी स्वीकृतिको लागि

कार्यपालिकामा पेश गर्ने ।

(ङ) चमेना गृहमा पाइने चिया चमेना लगायत विविध खाद्य सामाग्रीको मूल्य सूची तय गरी स्वीकृतको लागि कार्यपालिकामा पेश गर्ने

(च) चमेना गृह सञ्चालनको समय तालिका प्रकाशन गर्ने ।

(छ) नगरपालिकाले दिएको अन्य निर्देशन र आदेशको कार्यान्वयन गर्ने गराउने ।

(२) उपदफा (१) मा जुनसुकै कुरा उल्लेख भएपनि नगरपालिकाले चमेना गृहको सम्बन्धमा विभिन्न मितिमा कार्यपालिकाले गरेको निर्णय बमोजिम कामकारवाही गरीने र आवश्यक परेमा बेलाबेलामा कार्यपालिकाले विशेष निर्णय गर्न सक्नेछ ।

(३) दफा (२) को उपदफा (१) बमोजिम गठन भएको व्यवस्थापन समितिको काम, कर्तव्य सन्तोषजनक नभएमा समितिलाई नगर कार्यपालिकाले जुनसुकै समय विघटन गर्न सक्नेछ ।

**४. समितिको बैठक :** (१) चमेना गृह व्यवस्थापन समितिको बैठक आवश्यकता अनुसार बस्नेछ । समितिले आफ्नो कार्यविधि आफै तयार गर्ने छ । यसरी बैठक बस्दा कम्तीमा २ दिन अगाडी बैठकको विषय सहितको सूचना सदस्यहरुलाई उपलब्ध गराउनुपर्नेछ । बैठकको निर्णयको गाम्भिरता हेरी कार्यपालिकामा निर्णय पेश गर्नुपर्नेछ ।

## परिच्छेद– ३

## चमेना गृह सञ्चालक छनौट सम्बन्धी व्यवस्था

**६. चमेना गृह सञ्चालाको छनौट:** (१) चमेना गृह सञ्चालन गर्न १५ (पन्ध्र) दिने सार्वजनिक सूचना जारी गरी इच्छुक निजी फर्म/व्यवसायी वा संस्थाहरुलाई सूचनामा उल्लेखित प्रक्रियाबाट निवेदन आह्वान गरीनेछ ।

(२) चमेना गृहको लागि मासिक भाडादर सूचनामा उल्लेख गरीए बमोजिम हुनेछ ।

(३) आवेदकले सूचनामा निर्धारण गरे बराबर वा सो भन्दा कम दररेट सिलबन्दी खाममा कबोल गरी उपलब्ध गराउनु पर्नेछ ।

(४) आवेदकले सूचनामा माग गरीए बमोजिमको कागजातका साथमा चमेना गृह सञ्चालनका लागि अनुसूची -१ को ढाँचामा निवेदन दिनुपर्नेछ।

(५) कुनै पनि मान्यता प्राप्ता होटल वा चमेना गृह सञ्चालन गरेको वा काम गरेको अनुभव प्राप्त आवेदकलाई प्राथमिकता दिइनेछ।

(६) उपलब्ध भएसम्म आवेदकको रोहवरमा योग्य सञ्चाकको छनौट खुल्ला रुपमा गरीनेछ ।

(७) सञ्चालनको लागि छनौट गरीएका आवेदकहरु मध्येबाट कामको अनुभव तथा उनीहरुले आवेदनमा कबोल गरेको रकमको आधारमा छनौट गरीनेछ ।

(८) सञ्चालक छनौटमा कुनै विवाद उत्पन्न भएमा अन्तिम निर्णय कार्यपलाकाको हुनेछ ।

**७. सञ्चालकको काम कर्तव्य र अधिकार:** (१) चमेना गृह सञ्चालकको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ**:-**

(क) चमेना गृह व्यवस्थापन समितिले उपलब्ध गराएको समय तथा मूल्यसूचि बमोजिम सञ्चलकले परिकार उपलब्ध गराउनु पर्ने ।

(ख) चमेना गृहमा सबै प्रकारका किराना खुद्रा सामान राख्न पाइनेछ ।

तर तोकिए बमोजिम बाहेक अन्य सामाग्री राख्न पाइने छैन ।

(ग) चमेना गृहमा तोकिएको समय बाहेक कर्मचारी वा राजनीतिक पदाधिकारी भन्दा अरुलाई प्रवेश गर्न पाइने छैन । चमेना गृह भित्र कुनै अवाञ्छित गतिविधि भएमा समिति वा कार्यपालिका समक्ष तत्काल खबर गर्नुपर्नेछ ।

## परिच्छेद –४
## विविध

८. **दण्ड जरिवाना :** (१) चमेना गृह सञ्चालकले उपलब्ध दरभाउ भन्दा बढि दरमा बिक्रि गर्न पाउने छैन । यसरी बढी दरमा बिक्री भएको जानकारी ग्राहकले समिति वा कार्यपालिकालाई गराएमा त्यस उपर छानबिन गरी देहायको कारबाही अगाडी बढाउन सक्नेछ**:-**

क) गुनासो वा उजुरी सहि ठहरेमा एक पटकको लागि मौखिक सुझाव दिईने छ ।

ख) दोस्रो पटक पनि गुनासो वा उजुरी दोहोरिएमा समिति वा कार्यपालिकाले तोके बमोजिम जरिवान गर्न सक्नेछ ।

ग) पटक पटक सो गुनासो वा उजुरी दोहोरिएको पाइएमा समितिले कार्यपालिकासँग परामर्श गरी १ (एक) हप्ताको सूचना दिइ चमेना गृह सञ्चालकलाई फेरबदल गर्न सक्नेछ ।

(२) उफदफा (१) बमोजिम सञ्चलक फेरबदल गर्दा अघिल्लो सूचनामा वैकल्पक परेको निवेदकलाई दिने वा सञ्चाकको लागि सूचना आह्वान गर्ने निर्णय कार्यपालिकाले गर्नेछ ।

९. **परिकारको सूची:-** (१) चमेना गृहमा पाइने परिकारको सूचि अनुसूची -२ मा तोकिए बमोजिम हुनेछ ।

१०. **फर्निचर:-** (१) कार्यपालिकाले चमेना गृहको लागि आवश्यक फर्निचर तथा डेकोरेसनको व्यवस्था गर्नेछ तर फर्निचर तथा डेकोरेसन बाहेकको सामान सञ्चालक आफैले व्यवस्था गर्नुपर्नेछ ।

११. **भाडादर निर्धारण:-** (१) चमेना गृह सञ्चालनको लागि न्यूनतम भाडा दर कार्यपालिकाले तोकिए बमोजिम हुने छ । भाडा त्रैमासिक रुपमा उपलब्ध गराउनुपर्नेछ ।

१२. **धरौटी:-** (१) चमेना गृह सञ्चालनको लागि धरौटी रकम कार्यपालिकाले तोके बमोजिम हुनेछ । सो रकम सञ्चालकले अनुमती पाएपछी यस नगरपालिकाको कार्यालयमा बुझाउनुपर्नेछ ।

१३. **बाधा अड्काउ फुकाउ तथा संशोधन सम्बन्धी अधिकार :** (१) यस कार्यविधिले निर्धारण गरेको कार्य सम्पन्न गर्न कुनै बाधा अड्काउ परेमा चमेना गृह व्यवस्थापन समितिको सिफारिसमा कार्यपालिकाले निर्णय गर्न सक्नेछ ।

**(२)** यस कार्यविधिलाई आवश्यकता अनुसार नगर कार्यपालिकाले संशोधन गर्न सक्नेछ ।

<u>अनुसूची-१</u>

**(दफा ६ को उपदफा ४ सँग सम्बन्धित)**

**सिद्धिचरण नगरपालिका**

**नगर कार्यपालिकाको कार्यालय**

ओखलढुङ्गा

कोशी प्रदेश, नेपाल

# आवेदन फारम

**(चमेना गृह सञ्चालकका लागि)**

| पासपोर्ट साईजको फोटो |
|---|

**क) निवेदकले भर्ने विवरणः**

<table>
<tr><th colspan="5">आवेदकको व्यक्तिगत विवरण</th></tr>
<tr><td colspan="4">नाम,थर(देवनागरीकमा):</td><td>लिङ्गः</td></tr>
<tr><td colspan="4">नाम,थर (अङग्रेजीमा):</td><td>Gender:</td></tr>
<tr><td colspan="2">नागरीकता नं.:</td><td>जारी गर्ने जिल्लाः</td><td colspan="2">जारी मितिः</td></tr>
<tr><td rowspan="2">स्थायी ठेगाना</td><td>प्रदेशको नाम</td><td>जिल्ला</td><td>स्थानीय तहको नाम</td><td>वडा नं.</td></tr>
<tr><td></td><td></td><td></td><td></td></tr>
<tr><td colspan="5">पत्राचार गर्ने ठेगानाः</td></tr>
<tr><td colspan="3">सम्पर्क नम्बरः</td><td colspan="2">ईमेलः</td></tr>
<tr><td colspan="3">बाबुको नाम,थरः</td><td colspan="2">आमाको नाम,थरः</td></tr>
<tr><td colspan="3">बाजेको नाम,थरः</td><td colspan="2">पति/पत्नीको नाम,थरः</td></tr>
</table>

**ख) शैक्षिक योग्यता सम्बन्धी विवरण (भएमा उल्लेख गर्ने)**

| योग्यता | विद्यालय/ विश्वविद्यालयको नाम | उत्तीर्ण गरेको साल | प्राप्ताङ्क (प्रतिशत/GPA) |
|---|---|---|---|
| | | | |
| | | | |

| ग) तालिम तथा अनुभव सम्बन्धी विवरण | | | | |
|---|---|---|---|---|
| क्र.स. | तालिम / कार्यानुभवको किसिम | तालिम दिने/काम गरेको संस्थाको नाम र ठेगाना | तालिम लिएको वा कार्य गरेको अवधी | |
| | | | देखि | सम्म |
| | | | | |
| | | | | |
| | | | | |

| घ) अन्य विवरण | | |
|---|---|---|
| रक्त समूहः | | |
| अतिरिक्त सम्पर्क | नाम,थरः | ठेगानाः |
| | नाताः | सम्पर्क नं. |

**औठा छाँप**

| | |
|---|---|
| | |
| **दायाँ** | **बायाँ** |

| |
|---|
| |
| **हस्ताक्षर** |

माथि उल्लेख भएको विवरण ठिक साँचो छ। झुठा ठहरिएमा कानून बमोजिम सहुँला/बुझाउँला भनी सहि छाप गरी दिंए।

अनुसूची-२

(परिच्छेद ३ को दफा ९ को उपदफा १ सँग सम्बन्धित)

अ) चमेना गृहमा बनाउने वा राख्न पाउने परिकारको सूचि देहाय बमोजिम हुनेछ ।

| चिया/कफी (Tea/ Coffee) | मूल्य |
|---|---|
| कालो चिया(Black Tea) | /- |
| दुध चिया (Milk Tea) | /- |
| कागती चिया (Lemon Tea) | /- |
| हटलेमन(Hot Lemon) | /- |
| कालो कफी(Black Coffee) | /- |
| दुध कफी (Milk Coffee) | /- |

| अण्डा आइटम (Egg Item) | मूल्य |
|---|---|
| उसिनेको अण्डा (Boil Egg ) | /- |
| प्लेन अम्लेट (Plain Omelette) | /- |

| स्टिम म: म:(Steam Mo:Mo) | मूल्य |
|---|---|
| भेज म:म: (Veg Mo:Mo) | /- |
| बफ म:म: (Buff Mo:Mo) | /- |
| चिकेन म:म: (Chicken Mo:Mo) | /- |
| फ्राई म: म:(Fry Mo:Mo) | मूल्य |
| भेज म:म: (Veg Mo:Mo) | /- |
| बफ म:म: (Buff Mo:Mo) | /- |
| चिकेन म:म: (Chicken Mo:Mo) | /- |
| सि म: म:(Mo:Mo) | मूल्य |
| भेज म:म: (Veg Mo:Mo) | /- |
| बफ म:म: (Buff Mo:Mo) | /- |
| चिकेन म:म: (Chicken Mo:Mo) | /- |

| थुक्पा (Thukpa) | मूल्य |
|---|---|
| भेज थुक्पा (Veg Thukpa) | /- |
| बफ थुक्पा (Buff Thukpa) | /- |
| चिकेन थुक्पा (Chicken Thukpa) | /- |
| एग थुक्पा (Egg Thukpa) | /- |

| स्न्याक्स (Snacks) | मूल्य |
|---|---|
| चिकेन फ्राइ (Chicken Fry) | /- |
| बफ फ्राई (Buff Fry) | /- |
| चिकेन चिल्ली (Chicken Chilly) | /- |
| बफ चिल्ली (Buff Chilly) | /- |
| भेज स्न्याक्स (Veg Snacks) | मूल्य |
| पापड ड्राई (Papad Dry) | /- |
| पापड फ्राई (Papad Fry) | /- |
| फिङ्गर चिप्स (Finger Chips) | /- |
| भेज पकौडा (Veg Pakauda) | /- |
| आलु दम | /- |
| आलु पकौडा (Potato Pakauda) | /- |
| एग पकौडा (Egg Pakauda) | /- |
| प्याज पकौडा | /- |

| सलाद (Salad) | मूल्य |
|---|---|
| ग्रीन सलाद (Green Salad) | /- |
| काक्रो सलाद (Cucumber Salad) | /- |
| गाजर सलाद (Carrot Salad) | /- |
| मिक्स सलाद | /- |

| सुप (Soup) | मूल्य |
|---|---|
| भेज सुप (Veg Soup) | /- |
| बफ सुप (Buff Soup) | /- |
| चिकेन सुप (Chicken Soup) | /- |
| मटन सुप (mutton Soup) | /- |
| मस्रुम सुप | /- |
| भेज मिक्स सुप | /- |

| खाना सेट | मूल्य |
|---|---|
| सादा खाना | /- |
| मटन खाना | /- |
| बफ खाना | /- |
| चिकेन खाना | /- |
| माछा खाना | /- |
| लोकल कुखुरा मासु र खाना | /- |
| लोकल कुखुरा मासु र ढिडो | /- |
| बफ करी सेट | /- |
| चिकेन करी सेट | /- |
| मटन करी सेट | /- |
| अण्डा करी | /- |

| चिसो पेय पदार्थ | मूल्य |
|---|---|
| डिउ १ गिलास | /- |
| डिउ सानो | /- |
| जम्बो डिउ | /- |
| फ्रुटी | /- |
| रेडबुल | /- |

| चाउमिन | मुल्य |
|---|---|
| भेज चाउमिन | /- |
| बफ चाउमिन | /- |
| चिकेन चाउमिन | /- |
| एग चाउमिन | /- |

| साँदेको | मुल्य |
|---|---|
| बदाम सादेँको | /- |
| भटमास सादेँको | /- |
| आलु सादेँको | /- |
| चाउचाउ सादेँको | /- |

| फ्राई राइस (Fry Rice) | मूल्य |
|---|---|
| भेज फ्राई राइस (Veg Fry Rice) | /- |
| बफ फ्राइ राइस (Buff Fry Rice) | /- |
| चिकेन फ्राई राइस (Chicken Fry Rice) | /- |
| एग फ्राइ राइस (Egg Fry Rice) | /- |

| दुधजन्य परिकार | मूल्य |
|---|---|
| सादा दही (Curd) | /- |
| स्पेसल दही (Special Curd) | /- |
| दुध | /- |
| मोहि | /- |
| घ्यू | /- |
| पनिर | /- |

| अन्य खाजाका परिकार | मुल्य रु |
|---|---|
| रोटी तरकारी | /- |
| सेल तरकारी | /- |
| खिर तरकारी | /- |
| चाउ चाउ | /- |
| मासु चिउरा | /- |
| अण्डा चिउरा | /- |
| माछा चिउरा | /- |
| जेरी प्रतिगोटा | /- |
| समोसा तरकारी | /- |
| मकै भटमास र साँदेको गुन्द्रुक | /- |
| कोदोको रोटी तरकारी | /- |
| फापरको रोटी तरकारी | /- |
| गहुँको रोटी तरकारी | /- |
| उसिनेको आलु | /- |
| चना अण्डा | /- |
| मकै उसिनेको | /- |
| मकै पोलेको | /- |
| मौसम अनुसार उपलब्ध खाजाका परिकारहरु राख्न सकिनेछ । | /- |

१ खुद्रा सामानको मूल्य सूचि समेत निर्धारित गरे अनुसर राख्नुपर्नेछ ।

**आज्ञाले**
निलकण्ठ विश्वकर्मा
प्रमुख प्रशासकीय अधिकृत